# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, कात्तिक २४ गते २०४३ साल (अतिरिक्ताङ्क ३१ (ग)

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना १

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २१ क. को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐनको दफा ४ को खण्ड (क) सम्बन्धी कसूरबाहेक सो ऐन अन्तर्गतको अन्य कसूरसम्बन्धी मुद्दाको कारवाई र किनारा गर्ने प्रयोजनको लागि वागमती अञ्चलको हकमा वागमती विशेष अदालतलाई र अन्य अञ्चलको हकमा सम्बन्धित अञ्चलको अञ्चल अदालतलाई तोकेको छ।

खण्ड ३६, मिति २०४३।१।२६, अतिरिक्ताङ्क ६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

### सूचना २

विशेष अदालत ऐन, २०३१ को दफा ५ को उप-दफा (१), (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अन्तर्गतको मुद्दा तथा ऐतिहासिक, पुरातत्वसम्बन्धी र कलात्मक वस्तुहरू चोरी मुद्दाहरू एवं सो जरीयाबाट उठेका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अन्य सबै मुद्दाहरुको कारवाई र किनारा गर्ने प्रयोजनको लागि वागमती अञ्चलको हकमा वागमती विशेष अदालतलाई तोकिएको छ।

खण्ड २० मिति २०२७।७।३ संख्या २६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ।

## सूचना ३

विशेष अदालत ऐन, २०३१ को दफा ५ को उप-दफा (१), (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ अन्तर्गत सजाय हुने कसूर-सम्बन्धी देहायको अधिकृतहरूद्वारा तहकिकात भएको मुद्दाको कारवाई र किनारा गर्ने प्रयोजनको लागि वागमती विशेष अदालतलाई तोकिएको छ।

१. वागमती अञ्चलमा जुनसुकै अधिकृतद्वारा तहकिकात गरी दायर गरिने मुद्दा।

२. विशेष प्रहरी बिभागका विशेष प्रहरी अधिकृतले वा तोकिएको अन्य विशेष प्रहरी अधिकृतले अरू अञ्चलमा तहकिकात शुरू गरी विशेष प्रहरी विभागवाट दायर गरिने मुद्दा।

खण्ड २७ मिति २०३४।११।६ संख्या ४४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यससम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।